## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

हेलम्बु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ८ मितिः २०७७/०४/३०

**भाग २**

**हेलम्बु गाउँपालिका**

**बागमती प्रदेश, हेलम्बु**

**गाउँ कार्यपालिकाबाट पारित मितीः २०७७।०४।२९**

हेलम्बु गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारिको लागी प्रकाशन गरिएको छ ।

## सम्वत् २०७७ सालको कार्यविधि नं. ५

## एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना**

हेलम्बु गाउँपालिका अन्तर्गत रहका एकल पुरुष नागरिकको सामाजिक सुरक्षा र लैङ्गिक समानता सुनिश्चित गर्ने उद्देश्यले हेलम्बु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम हेलम्बु गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले पारित गरि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क. "एकल पुरुष" भन्नाले आफ्नो पत्नीको मृत्यु पश्चात अर्को विवाह नगरेको र अन्य समुदायको हकमा ६० वर्ष र दलित समुदायको हकमा ५० वर्ष नागेको अविवाहीत पुरुषलाई सम्झनु पर्नेछ ।

ख. "गाउँपालिका" भन्नाले हेलम्बु गाउँपालिका सम्झनु पर्नेछ।

ग. "कार्यालय" भन्नले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ।

घ. "वडा कार्यालय" भन्नले गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयलाई सम्झनु पर्नेछ।

ङ. "उपध्यक्ष" भन्नाले गाउँपालिकाको उपध्यक्षलाई सम्झनु पर्नेछ।

च. "भत्ता" भन्नाले दफा ५ बमोजिमको रकम सम्झनु पर्नेछ।

३. **एकल पुरुष भत्ता पाउनेः** (१) देहायका बमोजिमका नागरिकले मात्र एकल पुरुष भत्ता पाउन योग्य हुनेछ :

क. नेपाली नागरिक,

ख. हेलम्बु गाउँपालिका भित्र स्थायी बसोबास गर्ने,

ग. पत्नीको मृत्यु भई अर्को विवाह नगरेको,

घ. अविवाहीत दलित समुदायको पुरुषको हकमा ५० वर्ष नागेको,

ङ. अविवाहीत अन्य समुदायको पुरुषको हकमा ६० वर्ष नागेको ।

४. **एकल पुरुष भत्ता नपाउने :** दफा (३) बमोजिम योग्यता पुगेका भएतापनि देहाय बोमोजिमको नागरिकले यस कार्यविधि बमोजिमको एकल पुरुष भत्ता पाउने छैनः

क. कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्त, निर्वाचित, मनोनित भएका नागरिक,

ख. सरकारी कोषबाट निवृत्तभरण पाइरहेका नागरिक,

ग. प्रचलित कानून बमोजिम अन्य सामाजिक सुरक्षा भत्ता लिई रहेका नागरिक वा लिने नागरिक।

५. **भत्ता रकम र वितरण :** (१) एकल पुरुषले मासिक १,०००।— (अक्षरुपि एक हजार रुपैयाँ मात्र) का दरले भत्ता पाउने छ।

(२) उपदफा (१) बमोजिमको भत्ता सम्बधित वडा कार्यालयबाट भत्ता वितरण गर्ने अधिकारीले अन्य सामाजिक सुरक्षा भत्ता वितरण गर्ने समयमा वितरण गरिनेछ।

६. **निवेदन दिनु पर्ने** : (१) दफा (३) बमोजिमको भत्ता पाउन योग्य नागरिकले सम्बन्धित वडा कार्यालयमा अनुसूची-१ बमोजिमका ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन साथ देहायको कागजात निवेदकले प्रमाणित गरि संलग्न गर्नुपर्नेछ।

क. नागरिकता प्रमाण-पत्र प्रतिलिपी,

ख. पत्नीको मृत्युदर्ता प्रमाण-पत्रको प्रतिलिपी,

ग. अविवाहीतको हकमा वडा सिफारिस,

घ. दलितको समुदायको पुरुषको हकमा दलित परिचय-पत्र, निस्सा वा सो बमोजिमको वडा सिफारिस ।

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा वडा कार्यालयले पन्ध्र दिनभित्र आवश्यक कारवाही गरि निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कारवाही गर्दा एकल पुरुष भत्ता नपाउने देखिएमा कारण खुलाई सोको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(३) उपदफा (३) बमोजिमको कारवाही गर्दा एकल पुरुष भत्ता पाउने देखिएमा वडा कार्यालयले गाउँपालिकामा सिफारिस गरि पठाउनु पर्नेछ।

७. **परिचयपत्रः** (१) यस कार्यविधि बमोजिम एकल पुरुष भत्ता पाउने नागरिकलाई गाउँपालिकाले अनुसूची-२ बमोजिम परिचय पत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परिचयपत्र नलिएका नागरिकले एकल पुरुष भत्ता पाउने छैन ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको परिचय-पत्र हराए वा प्रयोग गर्न नमिल्ने भएमा रू. १००।- (अक्षरुपी एक सय रुपैयाँ मात्र) प्रतिलिपि दस्तुर संलग्न गरि कार्यालयमा अनुसूची-३ बमोजिमको निवेदन दिई प्रतिलिपि लिन सकिनेछ ।

८. **अभिलेख राखु पर्ने** : (१) कार्यालयले यस कार्यविधि बमोजिम एकल पुरुष भत्ता पाउने नागरिकको विवरण र वितरण गरिएको एकल पुरुष भत्ताको अभिलेख अनुसुची-४ बमोजिमको ढाँचामा राखु पर्नेछ ।

(२) वडा कार्यालयले दफा ६ बमोजिम परेको निवेदनको अभिलेख अनुसूची-५ बमोजिमको ढाँचामा राखु पर्नेछ ।

९. **अभिलेखबाट नाम हटाउने** : (१) कार्यालयले देहायको आवस्थामा एकल पुरुष भत्ता पाउने नागरिकको नाम अभिलेखबाट हटाउनेछ ।

क. एकल पुरुषले विवाह गरेमा,

ख. बसाइ सरी अन्यत्र गएमा,

ग. प्रचलित कानून बमोजिम अन्य सुरक्षा भत्ता लिएमा,

घ. मृत्यु भएमा ।

**१०.नविकरणः** (१) यस कार्यविधि बमोजिम भत्ता पाउने एकल परुषले प्रत्येक आ.व. सकिनु एक महिना आगी कार्यालय समक्ष अनुसुची-६ बमोजिमको ढाँचामा नवीकरणको लागि निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन साथ देहायको कागजात निवेदकले प्रमाणित गरि संलग्न गर्नुपर्नेछ।

क. एकल पुरुष परिचय-पत्रको प्रतिलिपी,

ख. पत्नीको मृत्यु भएको हकमा अर्को विवाह नगरेको वडा सिफारिस,

ग. अविवाहीतको हकमा हालसम्म अविवाहीत रहेको वडा सिफारिस ।

**११. कसुर र सजायः** (१) कसैले विवरण ढाँटी यस कार्यविधि बमोजिम एकल पुरुष भत्ता लिएमा कसुर गरेको मानिनेछ ।

(२) कसैले उपदफा (१) बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्ने व्यक्तिले लिएको रकम असुल गरि निजलाई विगो बराबरको जरिवाना हुनेछ ।

**१२.अनुगमन सम्बन्धि व्यवस्थाः** (१) एकल पुरुष भत्ता पाउने व्यक्तिको अभिलेख व्यवस्थापन तथा भत्ता वितरणको अनुगमन उपध्यक्ष वा निजले तोकेको गाउँपालिकाका कुनै सदस्य वा कर्मचारीले गर्नेछ ।

**१३. प्रतिवेदन दिनु पर्नेः** (१) एकल पुरुष भत्ता वितरण गरेको विवरण वडा कार्यालयले चौमासिक रुपमा गाउँ कार्यपलिकको कार्यालयलाई दिनु पर्नेछ ।

**१४.संशोधनः** (१) गाउँ कार्यपालिका बैठकको निर्णयले यस कार्यविधि संशोधन गर्न सकिने छ ।

**१५.बाधा अड्काउ फुकाउने :** (१) यस कार्यविधि कार्यन्यवन गर्दा कुनै बाधा परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरि त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ ।

**१६. बचाउः** (१) एकल पुरुष भत्ता वितरण सम्बन्धि कार्यविधि, २०७६ बमोजिम भए गरेका सम्पूर्ण काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**१७. खारेजीः** (१) एकल पुरुष भत्ता वितरण सम्बन्धि कार्यविधि, २०७६ खारेज गरिएको छ ।

**अनुसूची १**

(दफा ६ को उपदफा (१) संग सम्बन्धित)

नाम दर्ताको लागि दिने निवेदनको ढाँचा

मितिः......................

श्रीमान् ,अध्यक्ष ज्यू
.... नं वडा कार्यालय
हेलम्बु गाउँपालिका
.........., सिन्धुपाल्चोक

विषयः नाम दर्ता गर्ने सम्बन्धमा ।

म निवेदक एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ बमोजिम भत्ता पाउनका लागि योग्य भएकोले नयाँ नाम दर्ता गरी दिनु हुन देहायको विवरण सहित यो निवेदन पेश गरेको छु ।

**व्यक्तिगत विवरण**

नाम, थर : ..........................................................

बाबु/आमाको नाम र थर ...............................................

जन्म मिति (वि.स) : ..................................................

स्थायी ठेगान : जिल्लाः **सिन्धुपल्चोक**, गाउँपालिकाः **हेलम्बु**

वडा नं. .................., टोल/गाउँ .............

ना.प्र.प. नं ............................ जारी मितिः ...................

पत्नीको नाम, थर .........................................................

पत्नीको मृत्यु भएको मितिः ................ मृत्यु दर्ता नं. ..........

मृत्यु दर्ता जारी गर्ने निकाय : .........................................

फोटो

संलग्न कागजात :

१. निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपि
२. पत्नीको मृत्यु दर्ताको प्रमाणित प्रतिलिपि
३. फोटो २ प्रति,
४. अविवाहीतको हकमा वडा सिफारिस,
५. दलितको समुदायको अविवाहीतपुरुषको हकमा दलित परिचय-पत्र, निस्सा वा सो बमोजिमको वडा सिफारिस ।

(मैले राज्यकोष बाट कुनै परिश्रमिक, निवृत्तभरण, सामाजिक सुरक्षा भत्ता वा यस्तै प्रकारक कुनै अन्य सुविधा पाएको छैन । उल्लिखित व्यहोरा ठिक, साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउला।)

निवेदक
(हस्ताक्षर)

**सम्बन्धित वडा कार्यालयले भर्नेः**

| | |
|---|---|
| दर्ता नं. .................. | निवेदन रुजु गर्नेको नाम, थर र पद : ............ |
| दर्ता मिति :.................... | सहिः............ |

-----------------------------------------------------------------------------------------

**गाउँ कार्यपालिकाको कार्यालयले भर्ने :**

| | |
|---|---|
| नाम दर्ता गर्ने निर्णय मिति :................ | विवरण भर्नेको नाम, थर र पद :: .......... |
| परिचय पत्र नं :................................ | सहिः................. |
| भत्ता पाउने सुरु आ.वा. २०.../...... | कार्यालयको छापः |

अनुसूची २

(दफा ७ को उपदफा १ संग सम्बन्धित)

परिचयपत्रको ढाँचा

स्थानीय सरकार

हेलम्बु गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

हेलम्बु, सिन्धुपाल्चोक

बागमति प्रदेश, नेपाल

**एकल पुरुष परिचय-पत्र**

फोटो

परिचय-पत्र नं. ...........

नाम, थर : ...................................................

नागरिकता प्रमाण-पत्र नं. ...............................

ठेगाना : जिल्ला: **सिन्धुपाल्चोक** गाउँपालिका : **हेलम्बु**

वडा नं : ................, टोल/गाउँ : .................

जन्म मिति (वि.स.): .....................................

बाबुको नाम, थर : ......................................

प्रमाणित गर्ने अधिकारी

दस्तखत :

नाम, थर :

पद :

| **साल** | **महिना** | | **दर** | **जम्मा** | **बुझाउनेको दस्तखत** |
|---|---|---|---|---|---|
| | **देखी** | **सम्म** | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**भत्ता लिन आउँदा यो परिचय-पत्र अनिवार्य लिई आउनु होला ।**

अनुसूची-३

(दफा ७ को उपदफा ३ संग सम्बन्धित)

प्रतिलिपि पाउ भनि दिने निवेदनको ढाँचा

मितिः........................

श्रीमान् ,
कार्यालय प्रमुख ज्यू
हेलम्बु गाउँ कार्यपालिकाको कार्यालय
.........., सिन्धुपाल्चोक

विषयः प्रतिलिपि पाउ भन्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा म निवेदकको एकल पुरुष परिचय-पत्र नं .......... ले यस कार्यविधि परिचय-पत्र (हराएको / प्रयोग गर्न नमिल्ने भएको) हुनाले एकल पुरुष भत्ता वितरण सम्बन्धि कार्यविधिको दफा ७ को उपदफा (३) बमोजिम प्रतिलिप दस्तुर निवेदन साथै राखी परिचय-पत्र को प्रतिलिपि पाउ भनि सदर अनुरोध गर्दछु ।

संलग्न कागजातः
( ) १. नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि
( ) २. एकल पुरुषको परिचय-पत्रको प्रमाणित प्रतिलिपि
( ) ३. फोटो १ प्रति

*(संलग्न गरिएको कागजातमा ✔ लगाउने)*

निवेदक
नाम,थर :
पुरा ठेगानाः
सम्पर्क नं.:
हस्ताक्षरः

अनुसूची-४

(दफा ८ को उपदफा १ संग सम्बन्धित)

एकल पुरुष भत्ता गर्ने लाभग्राहीहरुको मूल अभिलेखको ढाँचा

गाउँपालिकाः **हेलम्बु** आर्थिक वर्षः .................... किस्ताः .....................

| सि.नं. | परिचयपत्र नं. | नाम | जन्म मिति (वि.स.) | उमेर | वडा नं. | नागरिकता नं | मासिक भत्ता | जम्मा पाउने | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

अनुसूची-५

(दफा ८ को उपदफा २ संग सम्बन्धित)

एकल पुरुष भत्ता सम्बन्धि निवेदनको अभिलेखको ढाँचा

गाउँपालिकाः **हेलम्बु** वडा नं. .................. आर्थिक वर्षः ....................

| सि.नं. | निवेदन नं. | निवेदकको नाम | निवेदन दर्ता भएको मिति | उमेर | जन्म मिति (वि.स.) | नागरिकता नं र जारी भएको मिति | निवेदन उपर भएको कारवाही | निवेदन उपर भएको कारवाही मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

अनुसूची-६
(दफा १० को उपदफा १ संग सम्बन्धित)
नविकरणको निवेदन ढाँचा

मितिः......................

श्रीमान् ,
कार्यालय प्रमुख ज्यू
हेलम्बु गाउँ कार्यपालिकाको कार्यालय
.........., सिन्धुपाल्चोक

विषयः नविकरण गरी पाउ।

उपरोक्त सम्बन्धमा म निवेदक (एकल पुरुष परिचय-पत्र नं ..........) ले एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७७ बमोजिम लिई रहेकोमा ऐ. कार्यविधिको दफा १० को उपदफा (२) बमोजिमका कागजातहरु साथै राखी एकल पुरुष भत्ताको लाभग्राहीको सूचीमा मेरो नाम नविकरण गरी पाउ भनि सदर अनुरोध गर्दछु ।

संलग्न कागजातः
( ) १. एकल पुरुष परिचय-पत्रको प्रमाणित प्रतिलिपी,
( ) २. अर्को विवाह नगरेको वडा सिफारिस,
( ) ३. अविवाहीत रहेको वडा सिफारिस ।
*(संलग्न गरिएको कागजातमा ✔ लगाउने)*

निवेदक
नाम,थर :
पुरा ठेगानाः
सम्पर्क नं.:
हस्ताक्षरः

आज्ञाले
भीमराज कोइराला
प्रमुख प्रशासकीय अधिकृत

मूल्य रु. १०।- मात्र